नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
eprateekdaily.com
राष्ट्रिय 'क' वर्ग




❖ वर्ष ३५ ❖ २०७८ असोज १७ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 October 03 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४६

## वर्षाबाट कसैलाई हर्ष त कसैलाई विषाद

प्रस, सेढवा, १६ असोज/

वर्षाको कारण भदैया धान रोपेका किसानहरूलाई समस्या भएको छ भने पानीको कारण तरकारीखेती गरेका किसानहरूलाई समस्या भएको छ । पानीले नोक्सान पारे पनि अगहनी धान गरेका किसानहरूलाई फाइदा पुगेको छ। अगहनी धानको बाला निस्कने बेला भएको


वर्षाले भदैया धानमा पुऱ्याएको क्षति । तस्वीरः प्रतीक

अगहनी धान गरेका किसानहरूलाई फाइदा भएको छ ।

पर्सा जिल्लाको उत्तरी भेग ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिकामा किसानहरूले भदैया धान रोपका छन् ।

भदैया धान भित्र्याउने बेलामा पानी पर्दा किसानहरूलाई समस्या भएको छ । धान भित्र्याउनको लागि किसानहरूले ज्यामी तयार गरेको हार्भेस्टर मेशिन ल्याए पनि मौसमको प्रतिकूलताले धान कटानी गर्न सकेका छैनन् ।

तीन दिनदेखि पानी परेको र हावाले धानको बोट ढलेको किसान नागेश्वर चौधरीले बताए ।

गत वर्ष पनि यसैगरी पानी पर्दा भदैया धानखेती प्रभावित भएको थियो । सो वर्ष ४० प्रतिशत धानबालीमा क्षति पुगेको किसानहरूले बताए ।

जीराभवानी गापा–१, शान्तिनगर निवासी किसान ऋषिराज सापकोटाले कोभी, भान्टा, रायोलगायत तरकारीखेतीको लागि दुईपटक बीउको बेर्ना राखे पनि पानीले नष्ट पारेको बताए । उनले तेस्रोपटक बेर्ना राखेको बताए ।

भदैया धान र तरकारीखेतीलाई र सिंचाइको आवश्यकता पर्दा आकाशे पानी परेकोले किसानहरूलाई फाइदा पुगेको हो ।

यसैगरी, यो पानीले तेलहन रबी बाली, गहुँ बाली र सुर्ती बालीका लागि पनि फाइदा पुगेको स्थानीय किसानले बताए ।

## राजस्व अनुसन्धान कार्यालय, पथलैयाको सूचना

व्यापारिक प्रयोजनका कुनै पनि मालवस्तु एक स्थानबाट अर्को स्थानमा ओसारपोसार गर्दा मालवस्तुसँग सम्बन्धित प्रज्ञापनपत्र/बिल/चलान/डेबिट/क्रेडिट नोट आदिमा उल्लिखित विवरण राजस्व अनुसन्धान विभागको पोर्टल VCTS मा प्रविष्ट गरी एक प्रति VCTS प्रिन्ट गरी अनिवार्यरूपमा साथमा राख्ने गरौं । सो नगरेमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम जरिवाना हुने बेहोरासमेत सूचित गरिन्छ ।

राजस्व चुहावटसम्बन्धी कुनै पनि सूचना, जानकारी वा कागज प्रमाण भएमा राजस्व अनुसन्धान कार्यालय, पथलैयामा सूचना दिनुहुन अनुरोध छ । सूचनादाताको विवरण गोप्य राखिनुका साथै नियम अनुसार पुरस्कार उपलब्ध गराइने बेहोरासमेत जानकारीका लागि अनुरोध छ ।

सम्पर्क

**राजस्व अनुसन्धान कार्यालय, पथलैया**

फोन नं. ०५३–५२२०८८, ९८५५०२९००५, ९८५५०१६३०५


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

## हार्दिक बधाई तथा शुभकामना


वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष **सुबोधकुमार गुप्ता**लाई फ्रान्सको पेरिसस्थित युरोपियन इन्टरनेशनल युनिभर्सिटीले दुबईमा ग्लोबल लिडरशिप एन्ड म्यानेजमेन्टमा प्रोफेशनल डक्टरल सर्टिफिकेटबाट सम्मानित गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछौं ।

**प्रतीक दैनिक**

भ्रष्टाचारीलाई तिरस्कार र इमानदारीलाई पुरस्कार संस्कृतिको विकास गरौं । घूस लिने र दिने दुवै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## रक्सौलको सुन व्यवसायी हत्याकाण्डमा दुईजना पक्राउ

राजेश केशरीवाल, १६ असोज/

रक्सौलका सुन व्यवसायी कपिलदेव सर्राफ र उनका नातिको गोली हानी हत्या गरेको कसूरमा दुईजना पक्राउ परेका छन् ।


पत्रकार सम्मेलनमा पक्राउ परेका दुवैजनालाई सार्वजनिक गर्दै भारतीय प्रहरी । तस्वीरः प्रतीक

बिहार, पूर्वी चम्पारण जिल्लाका एसपी नवीनचन्द्र झा नेतृत्वमा गठित एसआइटीद्वारा गुप्त सूचनाको आधारमा दुवैजनालाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा रामगढवा थाना धनहर दिहुली निवासी मनु कुमार र रक्सौल छोटा परेउवा निवासी मनान अलि रहेका छन्।

पक्राउ परेका दुवैजनाले रक्सौलका सट्टा व्यवसायी रितेश सिंहले २० लाख रुपैयाँको सुपारी दिएको स्वीकार गरेका छन् । उनीहरूसँग बरामद मोबाइलको आधारमा एसपी सिंहले घटनामा चारजना आरोपीको सहभागिता रहेको बताए । एकजना अपराधीले लाइनर र अर्को उत्तर प्रदेश निवासी रामप्रसाद यादवले मृतक कपिलदेव सर्राफ र उनको नाति मनुमाथि गोली चलाएका थिए ।

घटनाअघि २५ जुलाईका दिन पनि उनीहरूले सर्राफमाथि गोली हान्ने प्रयास गरेको प्रहरीले बतायो ।

प्रहरीद्वारा गठित एसआइटीमा सहएसपी चन्द्रप्रसाद, सुगौली इन्स्पेक्टर अभय कुमार, तकनिकी शाखा प्रभारी मनीष कुमार, पलनवा थाना प्रभारी प्रभाकर पाठक, भेलाही थानाध्यक्ष मनोज कुमार, रामगढवा थानाध्यक्ष सन्तोष कुमार, हरैया थानाका गौतम कुमारलगायतको सहभागिता थियो ।



## विचारसार र सूक्तिहरू

**जसले धैर्य गरेर प्रतीक्षा गर्न जानेको छ, ऊ समक्ष सबै थोक कुनै न कुनै तरीकाले पुग्छ नै ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चेतनाको प्रकाश

चेतनाको प्रकाश जतातर्फ जान्छ, त्यता आलोक हुन्छ र जतातिर जाँदैन, त्यता अन्धकार रहन्छ । चेतनाको प्रकाशमा दुई विशेषता छ– एक, त्यसले पदार्थको ज्ञात गराउँछ भने दोस्रो, त्यसलाई प्रिय बनाउँछ । त्यसबाट जतातिर हाम्रो चेतना जान्छ अर्थात् जुन वस्तुतर्फ हामीले ध्यान दिन्छौं, त्यो न केवल हामीलाई सबै प्रकारले ज्ञात हुन्छ, वरन् त्यो प्रिय पनि हुन्छ। जुन कुराको बारेमा हामीले सबै कुरा जान्दैनौं, त्यो हामीलाई प्रिय पनि लाग्दैन। मनुष्यलाई जुन वस्तु प्यारो लाग्छ, त्यसले उसको वृद्धि गर्ने चेष्टा गर्छ । यस प्रकार चेतनाबाट प्रकाशित वस्तुको वृद्धि हुन थाल्छ। मनुष्यको सांसारिक धन–वैभवको वृद्धि यस प्रकारले हुन्छ। शरीरको उन्नति पनि शरीरको विषयमा सोच्नाले हुन्छ।

**उसको मनमा कुनै प्रकारको आत्मग्लानिको भावना रहँदैन। ऊ सदा स्वस्थचित्त रहन्छ। यस प्रकारको स्वास्थ्यलाई प्राप्त गर्नको लागि मनुष्यले जब कहिले अवसर पाउँछ, आध्यात्मिक चिन्तनमा समय लगाउनुपर्छ र त्यसलाई आफ्नो बानी बनाउनुपर्छ।**

जब मनुष्य बहिर्मुखी रहन्छ, उसले सांसारिक उन्नति गर्छ । उसको धन, यश र मान–प्रतिष्ठा बढ्छ, तर उसको स्वत्व अन्धकारमा रहन्छ। अन्धकारमा भएको कारण न त मनुष्यलाई आफ्नैबारे ज्ञान हुन्छ, न उसलाई आफू नै प्रिय लाग्छ । यति मात्र होइन, बहिर्मुखी व्यक्तिलाई यदि एक्लै छोड्यो भने त्यो आफैंमा यति विफल हुन्छ कि उसलाई आत्महत्या गर्ने इच्छा हुन थाल्छ । यदि कुनै कारणले बहिर्मुखी व्यक्तिलाई कहिल्यै एक्लै बस्नुपर्‍यो भने ऊ निराश हुन्छ । उसको विचार उसको नियन्त्रणमा रहँदैन। उसको मानसिक ग्रन्थिले उसलाई भारी त्रास दिन थाल्छ । जबसम्म उसले कुनै प्रकारको व्यवसाय पाउँदैन, तबसम्म उसलाई जीवन भाररूप हुन्छ ।

चेतनाको प्रकाश बाहिर जानाले मनुष्यको मनमा अनेकौं प्रकारका संस्कार पर्छ। यो सबै संस्कार मानसिक क्लेशको कारण बन्छ। यसबाट आत्माको प्रियता कम हुन्छ र बाहिरी पदार्थतर्फ आकर्षण बढ्छ । यस प्रकार मनुष्यको चेतनाको पछाडि सांसारिक इच्छाको रूपमा एक अचेतन मनको सृष्टि हुन्छ । जो व्यक्ति जति बहिर्मुखी हुन्छ, उसको सांसारिक पदार्थको इच्छा त्यत्तिकै प्रबल हुन्छ। यी ग्रन्थिका कारण मनुष्यको आन्तरिक स्वत्व दु:खी हुन्छ। उसले फेरि चेतनाको प्रकाशलाई आफूनजिक बोलाउने उपाय रच्छ । रोगको उत्पत्ति आफैं चेतनाको प्रकाशलाई बोलाउने उपाय हो ।

मनुष्यको वैयक्तिक अचेतन मन उसको मानसिक ग्रन्थि र दमित इच्छाहरूको कारण बनिरहन्छ। दबिएको इच्छाको चेतना प्रकाशित भएपछि रेचन हुन्छ र धेरैजसो मानसिक ग्रन्थि यस प्रकार खोलिन्छ, तर त्यसबाट मानसिक ग्रन्थि बन्न रोकिंदैन । नयाँ मानसिक ग्रन्थि बनिरहन्छ । यस प्रकार अचेतन मनको नयाँ भार तयार हुन्छ । मनोविश्लेषण–चिकित्साबाट मनुष्यको व्याधिविशेषको उपचार हुन्छ तर त्यसबाट मूलरोग नष्ट हुँदैन। त्यो नयाँनयाँ रूपमा प्रकाशित भइरहन्छ । जबसम्म अचेतन मनमा चेतनाको प्रकाश पर्दैन, तबसम्म त्यो मानसिक प्रकाशलाई बाहिरतर्फ जान रोकेर त्यसलाई भित्रतर्फ लैजान्छ।

जब मनुष्य अन्तर्मुखी हुन्छ, तब बाह्य पदार्थको प्रियता हराउँछ। यसको कारण त्यो मनुष्यले मनमा आफ्नो दृढ संस्कार छोड्दैन । यस प्रकार नयाँ कर्मविपाक बन्न बन्द हुन्छ। सदा आध्यात्मिक चिन्तन गर्नाले मनुष्यको पुरानो मानसिक ग्रन्थि खुल्छ। अब उसले आफ्नो सुखको लागि यताउता भौतारिनुपर्दैन। उसले आफ्नो विचारमा नै असीम आनन्द पाउन थाल्छ। अब अनेक प्रकारका सांसारिक चिन्ता र कुनै प्रकारका मानसिक अशान्ति उत्पन्न गर्दैन। मनुष्य निजानन्दमा निमग्न रहन्छ। यस्ता व्यक्ति सदा साम्यावस्थामा रहन्छ ।

चेतनाको प्रकाश बिस्तारैबिस्तारै भित्रतर्फ मोडिन्छ। यसको लागि अभ्यास र विचारको आवश्यकता छ । जब मनुष्यलाई बाह्य विषयबाट विरक्ति हुन थाल्छ अर्थात् जब उसलाई दु:खरूप प्रतीत हुन थाल्छ, तब उसले सुखलाई आफूभित्र खोज्ने चेष्टा गर्छ । मन हतास भएको अवस्थामा मनुष्यको विचार स्थिर रहँदैन, उसलाई सबै प्रकारका प्रयत्नबाट पनि असन्तोष हुन्छ । उसले सबै प्रकारका प्रयत्नलाई सन्देहको दृष्टिले हेर्न थाल्छ। अतएव एकाएक मनलाई अन्तर्मुखी बनाउन सकिंदैन, तर बिस्तारैबिस्तारै अभ्यासद्वारा अन्तर्मुखी बनाउन सकिन्छ।

जब मनुष्य अन्तर्मुखी हुन्छ, तब उसलाई ज्ञात हुन्छ कि मनुष्यको मानसिक संसार उसको बाह्य संसारभन्दा फैलावमा कम हुँदैन। जति बाह्य संसारको विस्तार हुन्छ, त्यसभन्दा धेरै बढी आन्तरिक संसारको छ। अर्थात् मनुष्यले आत्मस्थिति प्राप्त गर्नको लागि त्यत्तिकै बढी अध्ययन, विचार र अन्वेषण गर्नुपर्छ, जति कुनै भौतिक विज्ञानमा रुचि राख्नेले अन्वेषण गर्छ । जसरी पदार्थ विज्ञानको भारी विस्तार छ, त्यसै प्रकार अध्यात्म विद्याको पनि ठूलो विस्तार छ।

संसारका सबै वस्तु आत्मसन्तोषको लागि हो। यदि मनुष्यले आत्मसन्तोषको सरल मार्ग थाहा पाउँछ भने ऊ सांसारिक पदार्थको पछाडि किन दौडिन्छ ? तर यो आत्मसन्तोष प्राप्त गर्ने सरल काम होइन। जति कठिनाइ कुनै इच्छित बाह्य पदार्थ प्राप्त गर्नुमा हुन्छ, त्यसभन्दा बढी कठिनाइ आत्मज्ञान प्राप्त गर्नमा हुन्छ। आत्मज्ञान मनको साधनबाट उत्पन्न हुन्छ। जबसम्म मन निरवलम्ब हुँदैन, पुरुषार्थीलाई स्वरूपको ज्ञान हुन सक्दैन। तर मनको सहज स्वभाव आत्माबाट इतर वस्तुमा अवलम्बित भई छाड्छ। उसले आफ्नो यस बानीलाई मुक्त गर्नमा जति प्रयास गर्नुपर्छ, त्यो कल्पनातीत हो।

जब मनुष्य चेतनाको प्रयासलाई आफूतर्फ फर्काउनमा समर्थ हुन्छ, तब

# किन दोहोरिन्छ बारम्बार तरलता सङ्कट ?

नेपाल उद्योग परिसङ्घले सार्वजनिक गरेको प्रमुख औद्योगिक क्षेत्रका औद्योगिक गतिविधिको अध्ययन प्रतिवेदनले ८३ प्रतिशत उद्योगीले नयाँ लगानीका लागि तयारी थालेको उल्लेख गरेको छ। गत आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा उत्पादनमूलक उद्योग, सेवा, कृषि र ऊर्जा क्षेत्रका उद्योगको अवस्थाका विषयमा विस्तृत तथ्याङ्क समेटिएको प्रतिवेदनमा त्यस अवधिमा उद्योगहरूले कुल उत्पादन क्षमताको ६४ दशमलव ८ प्रतिशत क्षमता उपयोग गरेको देखाएको छ । कोरोना महामारीका बेला उत्पादन खुम्चिएको र अब अवस्था सामान्य बन्दै जाँदा पुरानै लयमा फर्किनु वा नयाँ लगानीका लागि तत्परता देखिनु स्वाभाविक हो । यो कोरोना महामारीमा सुस्ताएको औद्योगिक र व्यापारिक गतिविधिले गति समात्न लागेको सङ्केत हो ।

उद्यम, व्यापार स्वाभाविक लयमा फर्किन लाग्दा पुन: बैंक तथा वित्तीय संस्थाहरूमा लगानीयोग्य रकम (तरलता) अभावका समाचारहरू बाहिरिन थालेका छन् । करीब एक महीनायताका सञ्चारमाध्यमहरूलाई हेर्दा ब्याजदर दोहोरो अङ्कमा पुग्ने अवस्था देखिएको छ। उद्यम र व्यापार क्षेत्रका स्वाभाविक उपक्रमहरूको व्यवस्थापनमा अस्वाभाविक उदासीनता र चलखेलका कारण अर्थतन्त्रमा अनपेक्षित सङ्कटका सङ्केतहरू देखा पर्नु चाहिं कदापि सकारात्मक हुन सक्दैन। ब्याजदरमा देखिने अनिश्चितता औद्योगिक र व्यापारिक अवरोधका पनि आयाम हुन् भन्न असजिलो छैन।

बैंकहरूसँग लगानीयोग्य रकम अभाव हुन गई यतिबेला निक्षेपको ब्याजदर बढाउन प्रतिस्पर्धा चलेको देखिएको छ। ब्याजदर बढाएरै पनि निक्षेपमा सुधार हुन सकेको छैन। प्राय: भदौको अन्त्य र असोज महीनामा तरलता समस्याको पुनरावृत्ति हुने गरेको छ । सामान्यत: प्रत्येक आर्थिक वर्षको अन्त्यमा हुने सरकारी खर्चले केही समय सहज हुने र पुन: समस्या हुने गरेको पाइन्छ।

पछिल्लो समयमा कर्जा लगानीमा आक्रामक बैंकहरूको निक्षेप सङ्कलन भने अत्यन्तै न्यून देखिएको छ। नेपाल बैंकर्स सङ्घका अनुसार असोज पहिलो सातामा बैंकहरूले ३१ अर्ब रुपैयाँ कर्जा लगानी गर्दा नौ अर्बमात्रै निक्षेप सङ्कलन गरेका छन् । भदौ मसान्तसम्म बैंकहरूले ३८ खर्ब ७२ अर्ब रुपैयाँ कर्जा लगानी गरेकोमा असोज पहिलो साता यो आकार ३९ खर्ब ३ अर्ब पुगेको छ। सोही अवधिमा निक्षेप क्रमश: ४१ खर्ब ७१ अर्ब रुपैयाँ र ४१ खर्ब ८० अर्ब रुपैयाँमा देखिएको छ । यसले तरलताको सङ्कटलाई स्पष्ट सङ्केत गरेको छ।

दशैं आएपछि खर्च बढ्ने र समस्या सहजीकरण हुने अनुमान गरिए पनि यो भइहालेमा दीर्घकालीन समाधान भने हुनेछैन । राष्ट्र बैंकले तरलता व्यवस्थापनका उपकरणहरू परिचालन

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**ब्याजदरमा प्रतिस्पर्धा बढाउन बाहिरको लगानी भित्र्याउनेदेखि बैंकिङ क्षेत्रमा प्रतिस्पर्धा बढाउने नीति लिइनु अनिवार्य भइसकेको छ। बाह्य लगानी ल्याउँदा लगानीकर्ताले ल्याउने रकम बाहिरबाटै ल्याउने नीतिगत प्रबन्ध गरिनुपर्दछ।**

गरेका समाचार पनि नआएका होइनन्। तर यो उपायमा राष्ट्र बैंकले निष्कासन गरेकोभन्दा बढी रकम माग भएको छ।

तरलता अभाव भएपछि राष्ट्र बैंकले रिपोमार्फत बैंकिङ क्षेत्रमा पैसा पठाउने गर्छ । राष्ट्र बैंकले रिपोमार्फत सीमित रकम बिडिङमा राख्छ। त्यसमा बैंकहरूले बोलकबोलमार्फत रकम लिन सक्छन् । राष्ट्र बैंकले पटकपटक रिपो जारी गर्नु र त्यसमा मागभन्दा बढी आवदेन आउनुले बैंकहरूमा साँच्चै नै तरलता अभाव भएको पुष्टि भएको छ । यो टालटुले तरीका यसै पनि दीर्घकालीन समाधान होइन । कतिपय सरोकारवालाहरूले यतिखेर बैंकहरूले ब्याज बढाउन कृत्रिमरूपमा तरलताको अभाव बनाएको पनि नबताएका होइनन्। शोधनान्तर स्थिति ऋणात्मक भएकाले पनि त्यसको असर पनि वित्तीय उपकरणमा देखिएको छ । सरकारले विदेशी विनिमयको सटहीमा कडाइ गरिसकेको अवस्था छ।

सरकारी अड्डाहरूले नयाँ आर्थिक वर्षको सुरुआतमैं खर्च नगर्ने र निजी क्षेत्रले कर तिर्न बैंकबाट रकम निकाल्ने भएपछि यो समयमा तरलता खुम्चिने गरेको छ । करको माध्यमबाट रकम सरकारको ढुकुटीमा पुग्ने तर खर्चको रूपमा बाहिर नआउँदा समस्या दोहोरिनु पनि स्वाभाविक हो। समयमा खर्च हुन सकोस् भनेर जेठ १५ मैं बजेट ल्याउने गरिए पनि प्रक्रिया र प्रवृत्तिमा सुधार आउन नसक्नु समस्याको जड हो। अहिले पनि कतिपय कार्यालयमा खर्चको अख्तियारी आइसकेको छैन।

त्यसमाथि यसपटक इतिहासमैं पहिलोपटक सरकारले बजेट 'होलिडे' मनाएको छ । अघिल्लो सरकारले अध्यादेशमार्फत ल्याएको बजेट प्रतिस्थापनका लागि ल्याएको विधेयक पास हुन नसक्दा एक साताजति सरकारले सामान्य खर्च पनि गर्न पाएन । यसले पनि सङ्कटलाई मलजल गर्ने नै भयो । तरलता अभावका सन्दर्भले लगानीकर्ताको मनोविज्ञानमा नकारात्मक असर देखिएको छ। ब्याजदर एकोहोरो अङ्कमा हुँदा उत्साहित लगानीकर्ता अहिले अन्योलमा परेका छन् । विगतका वर्षहरूजस्तै १५/१६ प्रतिशतसम्म ब्याज तिर्नुपर्ने त होइन भन्ने आशङ्कामा जेलिएका छन् । त्यसको प्रत्यक्ष प्रतिविम्ब शेयर बजारमा प्रकट भइसकेको छ।

कोरोना महामारीले कर्जाको माग घटेको सन्दर्भलाई अपवाद मान्ने हो भने करीब एक दशकदेखि तरलता अभावको समस्या दोहोरिँदै आएको छ। अर्थतन्त्रका आयामहरू केही चलायमान हुने बित्तिकै ब्याजदरमा चापको समस्या बारम्बार किन दोहोरोरिन्छ ? यसले अर्थतन्त्रलाई कसरी कुण्ठित बनाइराखेको छ र यसको सापेक्ष निदान किन हुन सकिराखेको छैन ? अहिलेसम्म यसमा वस्तुनिष्ठ बहस नै हुन पाएको छैन । वा आवश्यक ठानिएको छैन । सतही प्रयास र त्यसभित्रका खेलहरूले अर्थतन्त्रका अवयवहरूलाई अनपेक्षितरूपमा शिथिल बनाइराखेको छ।

नेपाल राष्ट्र बैंकको पटके प्रयासबाट मात्र समाधान असम्भव छ । तरलता अभावको कुरा हुँदा सबैभन्दा पहिला सरकारी खर्च क्षमताको कुरा गरिन्छ। के सरकारले पूँजीगत रकम खर्च गर्न नसक्नु मात्र तरलता समस्या समाधानको उपाय हो त ? अवश्य होइन । २०७६ चैतयता कोरोना महामारीका कारण उद्यम, व्यापारका आयामहरू सङ्कुचित भए। स्वाभाविकरूपमा बैंकमा ऋणको माग कम हुन गयो। र माग नै नभएपछि बैंकहरूले ऋण लगानीका योजना मात्र सार्वजनिक गरेनन्, ब्याजदर घटाउने प्रतिस्पर्धा नै चल्यो । परिणाम, दोहोरो अङ्कमा रहेको ब्याजदर एक अङ्कमा झर्‍यो। यसबीचमा सरकारले खर्च गर्न सकेको पनि होइन। बैंकमा पैसा थुप्रिएपछि ब्याजदर घट्न गयो । राष्ट्र बैंकको अध्ययनले पनि यो समयमा कृषि क्षेत्रका उद्योगले औसतमा ८ दशमलव ३ प्रतिशत, ऊर्जा क्षेत्रका उद्योगले औसतमा ७ दशमलव ४ प्रतिशत, उत्पादनमूलक उद्योगले औसतमा ७ दशमलव ७ प्रतिशत र सेवा क्षेत्रका उद्योगले औसतमा ८ दशमलव ४ प्रतिशत ब्याज तिरेको देखाएको छ। उत्पादनमूलक उद्योगहरूले आफ्नो चालू पूँजीको ६६ दशमलव १ प्रतिशत बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको अध्ययनले देखाएको छ । प्रकारान्तरले यो प्रतिस्पर्धा बढ्नुको परिणाम हो। उद्यम, व्यापार खुम्चिएरै भएपनि ब्याजदर घट्नुपर्दछ भनिएको किमार्थ होइन । ब्याजदर अर्थतन्त्रको एउटा महत्त्वपूर्ण आयाम हो । यसको आधारमा लगानीकर्ताको मनोविज्ञान निर्धारित हुन्छ । यसको प्रभाव प्रकारान्तरले उपभोक्तासम्म जोडिएको हुन्छ।

ब्याजदरमा प्रतिस्पर्धा बढाउन बाहिरको लगानी भित्र्याउनेदेखि बैंकिङ क्षेत्रमा प्रतिस्पर्धा बढाउने नीति लिइनु अनिवार्य भइसकेको छ। बाह्य लगानी ल्याउँदा लगानीकर्ताले ल्याउने रकम बाहिरबाटै ल्याउने नीतिगत प्रबन्ध गरिनुपर्दछ। लगानीकर्ताले यहींका वित्तीय संस्थाबाट ऋण लिंदा सङ्कट सहजीकरण हुँदैन । यसका निम्ति बाहिरबाट रकम ल्याउन जति सहज छ, लैजान पनि त्यति नै सहज प्रक्रियाको खाँचो छ । बैंकिङ क्षेत्रमा बाह्य लगानी भित्र्याएर प्रतिस्पर्धा बढाउनुपर्दछ। तीन दशकअघिको बैंकिङ पूर्वाधार अब पर्याप्त हुँदैन । सरकारले बैंकहरूलाई बलियो बनाउने नाममा 'मर्जर'लाई बढाइचढाइ गरे पनि यो बैंकहरूबीच 'सिन्डीकेट'को अर्को आधार बढी बनेको अवस्था छ। यो बेथितिको अन्त्यसँगै ब्याजदरमा रचनात्मक र प्रतिस्पर्धात्मक व्यवस्थाका लागि विदेशी बैंकलाई भित्र्याउन अब अनिवार्य मात्र होइन, ढिलाइ भइसकेको छ। सरकारी खर्चको बढोत्तरी त सङ्कट समाधानको एउटा अल्पकालीन अवयव मात्रै हो, बैंकहरूबीच प्रतिस्पर्धा नै यसको दिगो र भरपर्दो उपाय हो भन्ने तथ्यलाई किन बेवास्ता गरिएको हो ? यो बुझिनसक्नु विषय बनेको छ।

# आयल निगमको नोक्सान चुलियो

काठमाडौं, १६ असोज/रासस

इन्डियन आयल कर्पोरेशन (आइओसी)बाट नयाँ मूल्यसूची प्राप्त भएसँगै नेपाल आयल निगमको नोक्सानी थप बढ्ने देखिएको छ। अक्टोबर १ मा आइओसीबाट प्राप्त मूल्यसूचीका आधारमा १५ दिनमा इन्धन बिक्रीबाट रु एक अर्ब ५० करोडभन्दा बढी नोक्सान हुने निगमको प्रक्षेपण छ।

आइओसीले पठाएको नयाँ मूल्य र नेपालभित्र लाग्ने कर तथा अन्य विभिन्न लागत जोड्दा निगमलाई प्रतिलिटर पेट्रोलमा १३९.१८ रुपैयाँ, डिजेलमा १२०.०१ रुपैयाँ, मटीतेलमा ९३.९४ रुपैयाँ, आन्तरिक उडानमा प्रयोग हुने हवाई इन्धनमा ८४.०७ रुपैयाँ, बाह्य उडानमा प्रयोग हुने हवाई इन्धनमा ७६.४४ रुपैयाँ र खाना पकाउने एलपी ग्याँसमा प्रतिसिलिन्डर एक हजार ९६१.८८ रुपैयाँ लागत पर्ने देखिएको छ।

निगमले पछिल्लो समय गत भदौ ७ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो । यस अनुसार प्रतिलिटर पेट्रोलको रु १३०, डिजेल र मटीतेलको ११३, आन्तरिक हवाई इन्धनको रु ८६ र खाना पकाउने ग्याँस प्रतिसिलिन्डर रु एक हजार ४५० मूल्य तोकिएको छ। उल्लिखित मूल्यका आधारमा अहिले निगमलाई प्रतिलिटर पेट्रोलमा ९.१८




रुपैयाँ नोक्सान, डिजेलमा ७.०१ रुपैयाँ नोक्सान, मटीतेलमा १९.५९ रुपैयाँ नाफा, आन्तरिक हवाई इन्धन १.९३ रुपैयाँ, बाह्य हवाई इन्धनको १५.१० रुपैयाँ नाफा र खाना पकाउने ग्याँस प्रतिसिलिन्डर ५११.८८ रुपैयाँ नोक्सानीको अवस्था छ।

निगमलाई नाफा भएको मटीतेल तथा हवाई इन्धनको माग तुलनात्मकरूपमा कम रहेको र नोक्सानीका अवस्थामा रहेको पेट्रोल, डिजेल र खाना पकाउने ग्यासको माग अत्यधिक भएका कारण यही मूल्यमा बिक्री गर्दा निगमलाई १५ दिनमा मात्रै एक अर्ब ५० करोड ७३ लाख रुपैयाँ नोक्सान हुने प्रक्षेपण गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताए।

### बढ्दै नोक्सानी

प्रवक्ता उपाध्यायका अनुसार अन्तर्राष्ट्रिय बजारमा पछिल्लो समय फेरि मूल्य बढ्न थालेको छ । अहिले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ८० डलर प्रतिब्यारेलको हाराहारीमा पुगेको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेसँगै त्यसले निगमको घाटा वृद्धिमा भूमिका खेलेको छ।

निगमले भदौ ७ गते पछिल्लोपटक मूल्य समायोजन गर्दा अन्तर्राष्ट्रिय बजारको मूल्य केही घटेको अवस्था थियो। अन्तर्राष्ट्रिय बजार मूल्य घटे पनि निगमको लागत मूल्यभन्दा कम नभएपछि निगमले मूल्य बढाएको थियो ।

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# मोरक्कोका नागरिकलाई कोरोना भाइरसविरुद्ध तेस्रो खोप

बरात, १६ असोज/सिन्हवा

मोरोक्कोका नागरिकलाई कोरोना भाइरसविरुद्ध तेस्रो खोप दिइने भएको छ। महामारीबाट आफ्ना नागरिकलाई जोगाउनका लागि सरकारले तेस्रो चरणको खोप लगाउने व्यवस्था गर्न लागेको हो। मोरक्कोको स्वास्थ्य मन्त्रालयले शुक्रवार दिएको जानकारी अनुसार विज्ञ तथा सरोकारवालाको सिफारिशका आधारमा यस्तो निर्णय गरिएको हो। यसलाई राष्ट्रिय खोप अभियानकै एउटा अङ्गको रुपमा लागू गरिने पनि अधिकारीले जानकारी दिएका छन्।


तस्वीरः सिन्हवा

आफ्ना नागरिकलाई मात्रै नभई मोरक्कोमा बस्ने विदेशी नागरिकलाई पनि खोपको व्यवस्था गरिने उनीहरुले बताएका छन्। उत्तर अमेरिकी मुलुक मोरक्कोमा यसअघि पहिलो खोप अभियान भने गत जनवरी २८ मा शुरु भएको थियो। त्यहाँ शुरूमा चिनियाँ सिनोफर्म खोप लगाइएको थियो।

सरकारी अधिकारीले शुक्रवार दिएको जानकारी अनुसार अहिलेसम्म मोरक्कोमा दुई करोड २७ लाख १९ हजार ८६ जनाले पहिलो मात्रा खोप लगाएका छन्।

तीमध्ये एक करोड ९१ लाख ९७ हजार ९१६ जनाले दुवै खोप लगाएका छन्। मोरक्कोमा शुक्रवार मात्रै थप ९३६ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। योसँगै कुल सङ्क्रमितको सङ्ख्या नौ लाख ३४ हजार सात पुगेको छ।

मन्त्रालयका अनुसार कोरोना भाइरसका कारण मोरक्कोमा अहिलेसम्म १४ हजार २९० जनाको मृत्यु भएको छ। तीमध्ये २३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

मोरक्कोमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकामध्ये ८३५ जना अति सघन कक्षमा उपचाररत छन्। रासस

# कतारमा संसद् सदस्य चयनका लागि पहिलोपटक मतदान

दोहा, १६ असोज/एएफपी

कतारमा संसद् सदस्य चयनका लागि शनिवार पहिलोपटक मतदान भएको छ। नयाँ खासै नआउने अनुमान गरे। यसअघि सत्तामा र संसदमा भएका नै फेरि निर्वाचित हुने अनुमान गरिएको छ। र दर्ता अधिकारीसँग नाम दर्ता गरेर मतदान गरिरहेको दृश्य सार्वजनिक भएका छन्।


तस्वीरः एएफपी

संसद्का कुल ४५ सिटमध्ये ३० सिटका लागि मतदान भएको हो। अरू १५ सिटमा भने राजाले नै मनोनीत गर्ने व्यवस्था रहेको छ।

विश्लेषकले भने निर्वाचनको नतीजा आवरणमा निर्वाचन लोकतान्त्रिक देखिए पनि शासकबाट सत्ता र शक्ति बाहिर जाने सम्भावना न्यून रहेको छ।

कतारका नागरिक बिहानैदेखि मतदानका लागि मतदान केन्द्रमा पुगेका मतदान केन्द्रमा अर्धपारदर्शी प्लास्टिकका मतपेटिका राखिएका छन् भने सुरक्षाकर्मी तथा निर्वाचन अधिकृत पनि पर्याप्त मात्रामा खटिएका छन्।

संसद् सदस्यका लागि पुरुष उम्मेदवारको सङ्ख्या अत्यधिक रहेको छ। कुल २८४ उम्मेदवारमध्ये २८ जना मात्रै महिला उम्मेदवार छन्। रासस

# गाँधी जयन्तीमा प्रधानमन्त्री मोदीद्वारा श्रद्धा व्यक्त

नयाँ दिल्ली, १६ असोज/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदीले गाँधी जयन्तीको अवसरमा शनिवार महात्मा गाँधीप्रति श्रद्धाञ्जलि व्यक्त गरेका छन्।

नयाँ दिल्लीको गाँधी स्मृतिमा 'राष्ट्रपिता'को सम्मानमा आयोजना गरिएको प्रार्थनासभामा प्रधानमन्त्री मोदी उपस्थित भई उनको तस्वीरमा फूलमाला तथा अबिर चढाएर श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

कार्यक्रममा भारतका उपराष्ट्रपति भेणकैया नायडु पनि उपस्थित भएका थिए।

सन् १८६९ अक्टोबर २ मा गुजरातको पोरबन्दर शहरमा जन्मिएका महात्मा गाँधी (मोहनदास करमचन्द गाँधी)ले अहिंसात्मक प्रतिरोध अपनाएर औपनिवेशिक बेलायती शासनविरुद्धको स्वतन्त्रता सङ्घर्षको अग्रपङ्क्तिमा रहेर नेतृत्व गरेका थिए।

गाँधीकै नेतृत्वमा सन् १९४७ मा भारतले आफ्नो स्वतन्त्रता प्राप्त गर्न सम्भव भएको थियो। बापू भनेर चिनिने उनको 'स्वराज' (स्वशासन) र 'अहिंसा'


तस्वीरः एएनआई

प्रतिको अटल विश्वासले उनलाई विश्वभर प्रशंसा प्राप्त मिलेको थियो। उनको भौतिक रूप नरहे पनि उनको कामले उनी अमर रहेका छन्।

विश्वव्यापीरूपमा गाँधीको जन्म जयन्तीलाई अन्तर्राष्ट्रिय अहिंसा दिवसको रूपमा मनाइन्छ।

यस अवसरलाई चिनाउन भारत र विश्वभरि थुप्रै कार्यक्रम आयोजना गरिन्छ। रासस


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


## आजको राशिफल

| | |
|---|---|
| मेष — चोरभय | वृष — भयचिन्ता |
| मिथुन — विजय | कर्कट — धनखति |
| सिंह — भाग्योदय | कन्या — बेचैनी |
| तुला — मनोरञ्जन | वृश्चिक — सफलता |
| धनु — राज्यलाभ | मकर — रोगभय |
| कुम्भ — यात्रालाभ | मीन — शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# वीरगंजमा वर्षासँगै जसपाको मसाल जुलुस

प्रस, वीरगंज, १६ असोज/

जनता समाजवादी पार्टी (जसपा) नेपालले वीरगंजमा वर्षाको बावजूद



शनिवार मसाल जुलुश प्रदर्शन गरेको छ। जसपा वीरगंज महानगर कामटीका अध्यक्ष ईश्वर यादवको नेतृत्वमा मसाल जुलुश प्रदर्शन गरिएको हो।

वीरगंजको घण्टाघरबाट निस्किएको जुलुस माईस्थान, आदर्शनगर, ग्रीनसिटी हुँदै घडीअर्वा चोक भएर पुनः घण्टाघरमा आई कोणसभा गरी समापन भएको थियो। कोणसभामा बोल्दै जसपाकी केन्द्रीय सदस्य एवं प्रदेशसभा सदस्य करिमा बेगमले सङ्घीयताविरोधी क्रियाकलापहरू गरेर सरकारले सङ्घीयतालाई मास्न खोजेको आरोप लगाइन्।

कार्यक्रममा जसपाका केन्द्रीय सदस्य फिरोज मन्सुर, जसपा पर्साका अध्यक्ष रामनरेशप्रसाद यादव, केन्द्रीय परिषद् सदस्य सलाउद्दिन अहमद, जिल्ला सचिव तबरेज अहमद, प्रदेश सदस्य एवं प्रदेश नम्बर २ का मुख्यमन्त्रीका स्वकीय सचिव दीपक यादवलगायतले अख्तियारको छापामार शैलीप्रति आपत्ति जनाए।

सो अवसरमा सहभागीहरूले 'अख्तियार दुरुपयोग मुर्दाबाद, सङ्घीयता मास्न पाईंदैन, छापामार शैली चल्दैन, मुख्यमन्त्री हाम्रा शान हुन्, अख्तियार गो ब्याक'लगायतका नारा लगाएका थिए।

# सगरमाथा सहकारीको अध्यक्षमा गौतम सर्वसम्मत

प्रस, निजगढ, १६ असोज/

सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेड निजगढको २२औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ। सो सभाले तेस्रोपटक पुनः भोलाप्रसाद गौतमलाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको छ।

संस्थाका उपाध्यक्ष हरिमाया उपाध्याय, सचिव बोधनाथ चौलागाई, कोषाध्यक्ष बच्चुराम लामिछानेलगायत ११ सदस्यीय कार्यसमिति र लेखा संयोजन रुद्रप्रसाद धिताल, सदस्यहरू प्रह्लादप्रसाद रिमाल, मन्जु कार्की रहेका छन्।

कार्यक्रमका प्रमुख अतिथि एवं नगरप्रमुख सुरेशकुमार खनालले उद्घाटन गर्दै संस्थाले २२ औं वर्ष पार गर्दै गर्दा धेरै उकाली-ओराली, चुनौतीहरूको पक्कै पनि समाना गरेको हुनुपर्छ भन्दै इमानदारितापूर्वक निरन्तरता दिइरहँदा सानैबाट ठूलो हुने पाठ यस संस्थाबाट पनि लिन सकिने बताए। एकताका ऋणको आवश्यकता परिरहेको बेला बैंकले त्यस बेला आफूलाई नपत्याइरहेको

कार्यक्रममा केन्द्रिय दुग्ध उत्पादक सहकारी संघ लिमिटेडका केन्द्रिय सदस्य दिलबहादुर लामालगायतले मन्तव्य व्यक्त



तस्वीरः प्रतीक

अवस्थामा यस संस्थाले आफूलाई सहजरूपमा ऋण दिएर तत्कालको समस्या समाधान गर्न सकिएको बताउँदै शेयर सदस्यहरूका लागि मात्रै हैन। गरेका थिए। गौतमको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण बोधनाथ चौलागाईले गरेका थिए।

# विपिसीमा विद्यार्थीलाई पर्सनल डाइनामिक प्रशिक्षण

प्रस, वीरगंज, १६ असोज/

वीरगंज पब्लिक कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई पर्सनल डाइनामिकसम्बन्धी तीन दिने प्रशिक्षण शनिवारदेखि होटेल भिस्वामा शुरू भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रदेश २ का ऊर्जामन्त्री ओमप्रकाश शर्माले नेपाल सरकारको गलत शिक्षा नीतिका कारण शिक्षाको विकास हुन नसकेको बताए। शिक्षकहरू ड्युटीभन्दा बढी सङ्घसंस्थाको काम गर्ने हुँदा आफ्नो जिम्मेवारी निर्वाह नगर्ने उनको भनाइ थियो। विद्यालयमा भौतिक सामानको अभाव उत्तिकै छ। कलेजका प्रिन्सिपल डा दीपेन्द्र चौधरीको सभापतित्वमा शुरु भएको कार्यक्रममा प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, लोसपाका नेता राजेशमान सिंह, नेपाल पत्रकार महासङ्घ पर्साका सभापति अनुप तिवारी, वीरगंज महानगरका शिक्षा महाशाखा प्रमुख अरबिन्दलाल कर्ण, विनोद गुप्तालगायतले आआफ्नो धारणा राखेका थिए। सहभागीहरूलाई कलेजले सम्मान गरेको थियो।


तस्वीरः प्रतीक

# नेकपा एमाले ओली केन्द्रित भएपछि विद्रोह गर्नुपर्‍यो -चौधरी

प्रस, वीरगंज, १६ असोज/

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)को वीरगंज महानगर भेला



तस्वीरः प्रतीक

शनिवार सम्पन्न भएको छ। भेलाको उद्घाटन गर्दै केन्द्रीय सचिव नागेन्द्र चौधरीले दलाल पूँजीवादको पक्षमा नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली लागेपछि पार्टीभित्र विद्रोह गर्नुपरेको र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) बनाउनुपरेको बताए।

उनले भने, "कम्युनिस्ट पार्टीमा व्यक्ति प्रधान हुँदैन, नीति र सङ्गठन प्रधान हुन्छ। तर अहिले एमालेमा व्यक्ति प्रधान भएका छन्। केपीशर्मा ओलीले जे भन्छन्, त्यही हुन्छ।"

पोलिटब्युरो सदस्य रामचन्द्र साहले पार्टीमा युवाहरूको आवश्यकता रहेको र पार्टीको नीति पनि सोही अनुसार रहेकोले पार्टीमा युवाहरूलाई लाग्न आग्रह गरे। उनले युवाहरूलाई ४० प्रतिशत स्थान दिने पार्टीको नीति रहेको बताए।

पार्टीका वीरगंज महानगर अध्यक्ष मनोज चौधरीको अध्यक्षतामा भएको भेलामा जिल्ला अध्यक्ष बालगोपाल थापा, प्रदेश कमिटी सदस्य सुरेन्द्र यादव, किशोरी कुशवाहा, जिल्ला सचिवालय सदस्य सुबेदार यादव, शान्ति महर्जन, युवा विभागका जिल्ला इन्चार्ज अनिल पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

# पर्साका दुई स्थानमा चारजना महिलासहित ६८ जनाद्वारा रक्तदान

प्रस, पोखरिया, १६ असोज/

पर्सा जिल्लाका दुई स्थानमा शनिवार भएको रक्तदान कार्यक्रममा चारजना


तस्वीरः प्रतीक

महिलासहित ६८ जनाले रक्तदान गरेको छन्।

दुर्गा पूजा समिति रानीघाटले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ४६ जनाले रक्तदान गरेका थिए। समितिका अध्यक्ष सतीश सिंह राजपूतले रक्तदान कार्यक्रमको शुभारम्भ गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

यसैगरी, टैरिमाई युवा क्लब पोखरिया-८ जगतपुर-जननपुरले अन्तर्राष्ट्रिय अहिंसा दिवसको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित २२ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन्। चन्द पटेल, प्रेमचन्द मुखिया, रामप्रवेश सहनी, सहिला खातुन र हरिप्रसाद साहलगायतले रक्तदान गरेका थिए। कार्यक्रमको उद्घाटन सत्रमा प्रदेशसभा सदस्य प्रह्लाद गिरी, नगरप्रमुख दीपनारायण रौनियार, उपप्रमुख सलमा खातुन, संविधानसभा सदस्य रामेश्वर रौनियार, लोकतान्त्रिक समाजवादी पार्टीका नेता निजामुद्दीन समानी, वडाध्यक्ष किशोरी साहलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण शैलेश साहले गरेका थिए।

## यस वर्ष फूल उत्पादनमा कमी, माग बढ्यो

काठमाडौं, १६ असोज/रासस

कोभिड-१९ को कारण यस वर्ष फूल उत्पादनमा कमी आए पनि माग बढेको छ। कारोना महामारीका कारण यस



क्षेत्रका व्यवसायीले विगतका वर्षमा झैं लगानी नगरेकाले फूल उत्पादनमा कमी आएको हो।

फूल लगाउने समय फागुनदेखि साउनसम्म रहेको र उक्त समयमा कोरोनाको कारण व्यवसायीले लगानी गर्न सकेका थिएनन्, जसको असर फूल उत्पादनमा पनि देखिएको छ, लोरिकल्चर एशोसिएशन नेपालका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए।

"यस वर्ष बजार माग बढेको छ," तामाङले भने, "माग बढी र उत्पादन कम भएपछि यस वर्ष तिहारको समयमा भारतबाट सयपत्री फूलको माला विगत वर्षको तुलनामा धेरै ल्याइन्छ।"

यस वर्ष विगत दुई वर्षको तुलनामा १५ प्रतिशत बढी फूलको माग रहेको बताइएको छ। कारोनाका कारण दैनिकरूपमा रु एक करोडको नोक्सानी बेहोरिरहेको पुष्प व्यवसायीले अहिले दैनिक करीब रु ५० लाखको कारोबार गर्न थालेका छन्।

## बेवारिसे शव फेला

प्रस, ठोरी, १६ असोज/

ठोरी गाउँपालिका-४ बेवारिसे शव फेला परेको छ।

अन्दाजी ५५ वर्षीय पुरुषको शव फेला परेको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव साहले बताए।

शनिवार बिहान खेतमा काम गर्न गएकाहरूले ठाडो लाइन नजीक ओरिया खोलामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

शव सडेगलेको अवस्थामा बरामद भएको र शल्यपरीक्षणको लागि नारायणी अस्पताल वीरगंज पठाइएको प्रनि साहले बताए।

### आयल निगम.....

अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा पनि नेपाली बजारको मूल्य बढेको भन्दै त्यति बेला निगमको आलोचनासमेत भएको थियो।

यद्यपि त्यो समायोजनले निगमको नोक्सान मासिक पाक्षिक ८४ करोडको हाराहारीमा झारेको थियो। तर आइओसीले त्यसपछि दुईपटक मूल्य बढाएर मूल्यसूची पठाएको छ। सेप्टेम्बर १ तारिख र अक्टोबर १ तारिखका दिन पठाएको मूल्यसूचीका आधारमा सबै प्रकारका इन्धनको मूल्य बढेको छ। सबैभन्दा बढी मूल्यवृद्धि डिजेलमा भएको छ। डिजेलमा प्रतिलिटर ७.१४ रुपैयाँ मूल्य बढ्दा हवाई इन्धनमा प्रतिलिटर ६.९७ रुपैयाँ, पेट्रोलमा ४.०९ रुपैयाँ र मटीतेलमा ३.५६ रुपैयाँ मूल्य बढेर आएको छ। एलपी ग्याँसको मूल्य प्रतिसिलिन्डर १५.६९ रुपैयाँले बढेको निगमले जनाएको छ।

सेप्टेम्बर १६ तारिखका दिन प्राप्त भएको मूल्यसूचीमा सेप्टेम्बर १ तारिखको भन्दा मूल्य बढेर आएको थियो। त्यो मूल्यका आधारमा निगमले १५ दिनमा एक अर्ब पाँच करोड नोक्सानीको प्रक्षेपण गरेको थियो।

यद्यपि त्यसपटक निगमले मूल्य समायोजन गरेन। अहिले बढेर आएको मूल्यका आधारमा निगमको नोक्सानी बढेर डेढ अर्ब नाघेको छ।

निगमका प्रवक्ता उपाध्याय निरन्तरको नोक्सानीले निगमको वित्तीय अवस्था धराशयी बन्दै गएको बताउँछन्। "अन्तर्राष्ट्रिय मूल्य र आन्तरिक कर तथा लागतले निगमको लागत मूल्य बढ्दै गएको छ, तर मूल्य लागतभन्दा कम मूल्यमा इन्धन बेच्नुपर्दा नोक्सानी बढ्दै गएको छ," प्रवक्ता उपाध्यायले भने, "यसरी नोक्सानी बढ्दै जाँदा निगम वित्तीयरूपमा धराशयी हुँदै जान्छ, त्यसैले पनि निगम मूल्य समायोजन गर्नैपर्ने बाध्यतामा छ।"

**खोप लगाऔं सुरक्षित रहौं**
**खोप लगाएपछि पनि,**

- मास्कको नियमित प्रयोग गरौं,
- अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
- साबुनपानीले हात धोऔं,
- साबुनपानी उपलबध नभए स्यानीटाइजरको प्रयोग गरौं,
- शङ्का लागे तुरुन्त स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## निर्मल समाज युवा क्लब र नवयुवा क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, १६ असोज/

ठोरी गाउँपालिका-२ को ब्यारेक खेलमैदानमा जारी दशैं कप २०७८ को चौंथो दिनको पहिलो खेलमा युवा हरियाली क्लब 'ए' ठोरी-२ हनुमाननगरलाई निर्मल समाज युवा क्लब ठोरी-४ मिलचोकले एक गोलअन्तरले पराजित गरेको छ।


तस्वीरः प्रतीक

प्रतिस्पर्धात्मक र रोमाञ्चक खेलमा निर्मल समाज युवा क्लबका नीरज तामाङले गरेको एक गोल आजको खेलको निर्णायक भयो। उनी नै आजको खेलको म्यान अफ दी म्याच घोषित भए।

दोस्रो खेलमा नवयुवा क्लब ठोरी-२ गौतमनगरले सनराइज युवा क्लब ठोरी-३ रामनगरलाई ६ गोलअन्तरले फराकिलो जीत हात पाऱ्यो।

नवयुवा क्लबको जीतमा नवयुवा क्लब गौतमनगरका रवि विश्वकर्माले चार गोल गरे भने रोहन मगरले दुई गोल गरे। दोस्रो खेलको म्यान अफ दी म्याच नवयुवा क्लबका रवि विश्वकर्मा घोषित भए।

भोलिको पहिलो खेल युवा हरियाली क्लब 'बी' हनुमाननगर र अमृत युवा क्लब 'बी' सुन्दरबस्तीबीच हुनेछ भने दोस्रो खेल बुद्धनगर युवा क्लब ठोरी-३ बुद्धनगर र आयोजक वनशक्ति युवा क्लब 'ए' ठोरी-२ बीच हुने खेल संयोजक सुनील लामाले जानकारी दिए।

## सुवर्ण युवा क्लब ठोरी स्व रामबहादुर श्रेष्ठ गोल्डकप फूटबल प्रतियोगिताको क्वाटरफाइनलमा

माधव तिमिल्सिना, ठोरी, १६ असोज/

ठोरी गाउँपालिका-४ विजयबस्तीमा जारी स्व रामबहादुर श्रेष्ठ गोल्डकप फूटबल प्रतियोगिताको क्वाटरफाइनल समीकरण पूरा भएको छ। शनिवार सम्पन्न पहिलो चरणको अन्तिम क्वाटरफाइनल खेलमा सुवर्ण युवा क्लब ठोरी गापा-५ ले वसन्तपुर युनाइटेड माडी, चितवनलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गरेको छ। आजको खेलमा जीत हासिल गर्दै सुवर्ण युवा क्लब ठोरी गापा-५ क्वाटरफाइनलको ८ टिममा पर्न सफल भएको छ।




खेलमा सुवर्णपुरका तर्फबाट विदेशी खेलाडी एफिजोलाले मध्यान्तरअघि एक गोल गरेका थिए भने मध्यान्तरपछि पनि उनैले एक गोल थपेका थिए। यस्तै, सुवर्णपुरकै तर्फबाट अर्का विदेशी खेलाडी एटिलोजाले मध्यान्तरपछि एक गोल थप्दै माडीलाई पहिलो चरणमा रोक्न सफल भए।

आजको खेलको म्यान अफ दी म्याच सुवर्ण युवा क्लब ठोरीका विमल रानामगर घोषित भए।

यसैबीच, असोज १९ गतेदेखि शुरू हुने क्वाटरफाइनल खेलमा हाम्रो फूटबल क्लब, वीरगंज र वनशक्ति युवा क्लब ठोरी सेमिफाइनल प्रवेशका लागि भिड्नेछन्। असोज २० गते महावीर युवा स्पोर्ट्स क्लब, गमहरिया र वीरगंज युनाइटेडबीच अन्तिम चारमा प्रवेशका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। यसैगरी, निर्मल समाज युवा क्लब, ठोरी-४ र युनाइटेड सिमरा, बाराका बीच असोज २१ गते र क्वाटरफाइनलको अन्तिम दिन असोज २२ गते भरतपुर फूटबल क्लब, चितवन र सुवर्ण युवा क्लब ठोरी-५ का बीच सेमिफाइनल प्रवेशका लागि भिडन्त हुने आयोजक समिति सदस्य सनम श्रेष्ठले जानकारी दिए।

## राष्ट्रिय फूटसल लिग : राइजिङ दोस्रो स्थानमा उक्लियो, लुम्बिनी रेलिगेशनमा

काठमाडौं, १६ असोज/रासस

पोखरामा जारी 'ए डिभिजन' राष्ट्रिय फूटसल लिग अन्तर्गत शनिवारको खेलमा विजयी हुँदै 'द राइजिङ क्लब' धरान अङ्कतालिकाको दोस्रो स्थानमा उक्लिएको छ। धरानसँगको पराजयसँगै लुम्बिनी फूटसल क्लब रेलिगेशनमा परेको छ।

पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय कभर्डहलमा भएको खेलमा लुम्बिनी धरानसँग ६-५ गोलअन्तरले पराजित भएको हो। जीतसँगै राइजिङको आठ खेलबाट १६ अङ्क भएको छ भने लुम्बिनीको समान खेलबाट चार अङ्क मात्र हुँदा रेलिगेशनमा परेको हो। राइजिङको जीतमा कप्तान दोर्जे तामाङ, रिवोस मास्के, विकु तामाङ, सुदीप गुरुङ, हेमन्त थापामगर र मिलन राईले गोल गरे। लुम्बिनीका लागि कप्तान रेफी महर्जन, हेमन्त गुरुङ, रूपेन थापा र देवाशिष शर्माले गोल गरेका थिए।

आज भएको दोस्रो खेलमा स्पोर्ट्स क्यासलले फूटसल-५ धरानविरुद्ध पुनरागमन जीत निकालेको छ। अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा क्यासलले ३-२ गोलअन्तरले धरानलाई पराजित गर्दै आफ्नो अपराजित यात्रालाई निरन्तरता दिन सफल भयो। खेल शुरू भएको पहिलो मिनेटमैं धरानले अग्रता लिएको थियो। धरानका किरण चौधरीले गोल गर्दै अग्रता दिलाए पनि १०औं मिनेटमा क्यासलका सुरेन बुढामगरले गोल गर्दै खेल बराबरीमा ल्याए। पहिलो हाफ १-१ गोलको बराबरीमा रोकिए पनि दोस्रो हाफमा पुनः धरानले अग्रता लियो। २४औं मिनेटमा किरणले व्यक्तिगत दोस्रो गोल गर्दै धरानलाई अग्रता दिलाए।

क्यासलका सुमित श्रेष्ठले ३७औं मिनेटमा बराबरी गोल फर्काए। क्यासलका कप्तान अञ्जन देवकोटाले ४०औं मिनेटमा निर्णायक गोल गर्दै जीत दिलाए।

अखिल नेपाल फूटबल सङ्घले देशमैं पहिलोपटक फूटसल लिगको आयोजना गरेको हो। असोज २ गतेदेखि सञ्चालन भइरहेको लिग आगामी असोज २२ गतेसम्म जारी रहनेछ।